आज मिति २०८०/१२/३० गतेका दिन जिल्ला विपद् व्यवस्थापन समितीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री भोला दाहाल ज्यूको अध्यक्षतामा बसेको **महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरु विच समन्वयत्मक बैठकका** निर्णयहरु:

१. विश्वव्यपी महामारी रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९, तथा हाल जिल्लामा देखा परेको आँखा पाक्ने रोग (Conjunctivitis) डेङ्गु रोग रोकथाम लगायत जिल्लामा देखा पर्ने गरेका विभिन्न महामारी जन्य रोगहरुको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि भएका कार्यहरु बैठकमा पेश भई छलफल तथा समिक्षा गरियो ।

२. डेंगु रोग सार्ने लामखुट्टेको "**लार्भा खोज र नष्ट गर**" को अभियानलाई स्थानिय स्तर सम्म सम्पुर्ण वडाहरुमा सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय, सहकारी, बैकिङ् क्षेत्र, टोल सुधार समिति, आमा समुह, युवा क्लव लगायत सवै सरोकारवाला निकाय मार्फत **घर भित्र र वाहिर लामखुट्टेको वासस्थान तथा फुल पार्ने ठाउँहरु "खोजौ र नष्ट गरौ" (Search and Destroy)** **अभियान** संचालनको लागी स्थानिय सरकारहरु लाई अनुरोध गर्ने ।

३. भाईरल कन्जेन्टिभाईटिस (आखाँ पाक्ने रोग) सजिलै एक व्यक्तिवाट अर्को व्यक्तिमा सर्ने हुँदा वढी भिडभाड हुने क्षेत्रहरुमा सावधानी अपनाउन जिल्ला प्रशासन कार्यालय मार्फत जनहितको सुचना जारी गर्ने।

४. शैक्षिक संस्थाहरुमा विरामीको संख्या उल्लेख्य मात्रामा वृद्धि भएमा सम्वन्धित शैक्षिक संस्थाले स्थानीय सरकारसँग समन्वय गरी त्यस्ता विद्यार्थीलाई Isolation मा राख्ने व्यवस्था मिलाउने।

५. वर्षायाम सँगै प्राकृतिक प्रकोपको बढ्दो अवस्थामा खानेपानीका मुहानहरु प्रदुषित भै **पानीजन्य रोगहरु हैजा, झाडापखाला, टाइफाइड, आउँ, जुका** लगाएतको प्रकोप उच्च हुन सक्ने भएकोले नागरिकलाई खानेपानी

शुद्धीकरणका उपायहरु (उमाल्ने, सोडिस, क्लोरिनेसन, फिल्टर) मध्ये एक विधि अपनाएर प्रयोगमा ल्याउन स्वास्थ्य कार्यालय, गोरखा मार्फत सचेतनाको लागि संचार माध्यमहरुमा सूचना प्रशारण गराउने व्यवस्था मिलाउने।

६. महामारी फैलिइ जनधनको क्षति हुन जाने अवस्थालाई मध्य नजर गरी स्वास्थ्य कार्यालय गोरखाले स्थानीय सरकारहरुसंग समन्वय गरी RRT (Rapid Response Team) तथा CICT (Contact Investigation & Contract Tracing) तयारी अवस्थामा राख्ने ।

७. सम्पूर्ण स्थानीय सरकारहरुले महामारी तथा प्रकोप जन्य अवस्थामा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीहरु खरीद गरी Stock पाइलिङ गर्ने, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्टेटर तयारी अवस्थामा राख्ने तथा स्थानीय सरकार स्तरीय आकस्मिक योजना निर्माण गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने।